| | | | |
|---|---|---|---|
| ख. ऐ | ऐ | मोहरु | ६०० |
| ग. ऐ | ऐ | मोहरु | ४५० |
| कमिश्नरका असिस्टेन्ट र मैजिस्ट्रेटके मोहरु | | | १८०=३६० |

उपरोक्त नयाँ तलबको दरबन्दी २०१० साल वैशाख १ गतेदेखि लागु हुनेछ र सो अघिजस्ले जति जति खाएको छ, सोही सदर हुनेछ।

विदेशी नोट कम्पनीको चलन र दरबन्दी भएका जिल्लाहरुमा बडाहाकिमहरुको तलव दिंदा मोहरु १।२८।को देशी नोट कम्पनी रु.१०० का दरलें हिसाब गरी देशी नोट कम्पनी दिइनेछ । कमिश्नर, बडाहाकिम असिष्टेन्ट र मैजिस्ट्रेटहरुलाई फिकसड् तलव तोकिएको भएतापनि निजहरु सधैं बडाहाकिम र मैजिस्ट्रेट भै नरहने हुँदा ती ओहदाबाट अरु निजामती ओहदामा सरुवा भएमा कमिश्नर र क.श्रेणीका बडाहाकिम मैजिस्ट्रेटहरुलाई ४५०=६०० को स्केल ख.श्रेणीका बडाहाकिम मैजिस्ट्रेटलाई ३००=६०० को स्केल ग. श्रेणीका बडाहाकिम मैजिस्ट्रेटलाई १८०=३६० को स्केल लागू हुनेछ र सो स्केल लागू भएको मितिदेखि कमिश्नर बडाहाकिम मैजिस्ट्रेटमै काम गरेको अवधिसमेत निजहरुको नोकरीको वर्षमा गाभी पे स्केलको नियमानुसार पाउने वृद्धि पनि पाउने छन्।

आज्ञाले—
हिमालयशमशेर,
अर्थविभाग.

## अर्थविभागको सूचना

श्री ५ महाराजाधिराजका हुकुमबमोजिम विभिन्न जिल्लाका बडाहाकिमहरुको सम्मेलनमा ठहर भएअनुसार विभिन्न जिल्लाका विभिन्न रचनात्मक कामको निमित्त निकाशा भएका कलमहरु तल दिइएको छ —

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४६



| | |
|---|---|
| सार्वजनिक स्वास्थ्य | ६,३०० |
| बाटो पूल | १,३३,५०० |
| पानी इनार, धारा, पोखरी र ट्यूबवेल | १,५७,६०० |
| शिक्षा | ८१,६०० |
| घर मर्मत र नयाँ निर्माण | १,०२,८०० |
| अग्निपीडित सहायता | २०,००० |
| नहर | ४१,००० |
| तार टेलिफोन | ५,००० |
| ठाना राख्न | ११,२४४ |
| हुलाक राख्न | १४,१०० |
| नदी रोकन | १०,००० |
| जम्मा | ५,८६,४४४ |

माथिका कलमहरू १० साल ज्येष्ठ १२ गतेसम्म निकाशा भएका हुन् र अझ अरु पनि निकाशा हुँदैछन्।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी—
अर्थविभाग.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

५६३

५६०

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।